# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## Mathagadhi Rural Municipality
## Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
**Jhadewa, Palpa**
लुम्बिनी प्रदेश, नेपाल
**Lumbini Province, Nepal**
*Email: mathagadhimun@gmail.com*
*info@mathagadhimun.gov.np*
*Website: www.mathagadhi.gov.np*


चलानी नं. : १३९९
पत्र संख्या : २०८२/०८३

मितिः२०८२/१२/०६

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री जो जससँग सम्बन्धित छ।

प्रस्तुत विषयमा पाल्पा जिल्ला, माथागढी गाउँपालिका वडा नं. ५, हात्तिलुङ्ग अन्तर्गत रहेको श्री हात्तिलुङ्ग माध्यमिक विद्यालयमा शिक्षक सरुवाबाट रिक्त भएको प्रा.वि.तह, तृतीय श्रेणीका शिक्षक सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको च.नं. ११३, मिति २०८२/१२/०३ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूवाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्चः

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shreehattilungsecondary@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।

२.म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

बोधार्थः

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, पाल्पा ।
श्री हात्तिलुङ्ग माध्यमिक विद्यालय, माथागढी -५, हात्तिलुङ्ग ।
सम्पर्क नं. (९८६९१७०४७९)

सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत